नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

पौष/माघ २०६५ (January 2009) वर्ष १३/अंक १४२

## "तेस्रो दिनका चुनौती र आशिषहरू"

पाष्टर रोबर्ट कार्थक

भजन ९०:४ ले भन्दछ, ***"तपाईंको दृष्टिमा एक हजार वर्ष हिजो बिताएको एक दिन जस्ता मात्र छन् ।"*** २ पत्रुस ३:८ ले पनि भन्दछ, ***"... प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ ।"***

त्यसो हो भने स्थापनकालदेखि अहिलेसम्म मण्डलीले बिताएको दुई हजार वर्ष परमेश्वरको दृष्टिमा दुई दिनजस्तो मात्र भयो । अब दुई दिन सिध्याएर मण्डली तेस्रो दिनमा पाइलो टेक्दैछ । यो तेस्रो दिन हाम्रो निम्ति ठूला-ठूला चुनौती र आशिष्हरू लिएर पर्खिरहेको छ । तेस्रो दिनका कति विशेष कुराहरू हामी बाइबलमा पढ्न पाउँछौं, तीमध्ये एक दुईवटा कुराहरू यिनै हुन् :

उत्पत्ति २२:४ मा अब्राहामले दुईदिनको लक्ष्यहीन यात्रापछि तेस्रो दिनमा आँखा उठाएर परमेश्वरले जानू भनी देखाउनुभएको ठाउँ देखे । उत्पत्ति २२:१४ मा लेखिएको छ, - ***'यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "यहोवा-यिरे" 'परमप्रभुले जुटाउनुहुन्छ' भनी राखे ।'*** परमेश्वरको आज्ञालाई शिरोपर गरी आफ्नो एउटै मात्र प्यारो छोरो इसहाकलाई बलिदान चढाउन जाँदा इसहाकको साटो अर्को सट्टा बलिदानस्वरूप एउटा थुमा पाउने दिन त्यो दिन थियो ।

आफ्नो सबैभन्दा प्यारो छोरो परमेश्वरमा चढाएर उहाँको आशीर्वादसहित फेरि त्यही छोरो फिर्ता पाउने तेस्रो दिनको आशिष् हाम्रो लागि पनि राखिएको छ । परमेश्वरको हातमा दिएका कुरा मात्र परमेश्वरले आशिष् दिएर हामीलाई फिर्ता दिनुहुन्छ । अनाज्ञाकारी आमा-बाबुले परमेश्वरलाई नचढाएका धेरै आशिष्विहीन इसहाकहरू आज हाम्रा मण्डलीमा छन् । यो तेस्रो दिन बलिदान चढाउने दिन हो । परमेश्वरको आशिष्सहित फेरि फिर्ता पाउने दिन हो ।

सीनै पर्वतमा परमेश्वरले आफैलाई मानिसहरूकहाँ प्रकट गर्न चाहनुभयो ।
प्रस्थान १९:१० मा परमेश्वरले मोशालाई मानिसहरूलाई शुद्ध पार्ने आज्ञा गर्नुभयो । ***उहाँले भन्नुभयो, "तिनीहरूले आफ्ना-आफ्ना लुगा धोऊन् ।"***

११ पदमा उहाँले भन्नुभयो, ***"... तेस्रो दिनको निम्ति तिनीहरू तयार रहून् किनकि तेस्रो दिन सीनै पर्वतमा सबै मानिसहरूका आँखाको सामुन्ने परमप्रभु आउनु हुनेछ ।"*** यो तेस्रो दिनमा परमप्रभु आफ्ना मानिसहरूको सामुन्ने अचम्म प्रकारले प्रकट हुन लाग्नुभएको छ । उहाँको प्रकट हुने अचम्मको समयको निम्ति हामीले आफैलाई तयार पार्नुपर्छ, शुद्ध गर्नुपर्छ । उपदेशक ९:८ ले भन्दछ, ***"सधैं सफा वस्त्र लगा र कपालमा तेल लाउन नबिर्सी ।"*** प्रभुको तेस्रो दिनको प्रकट हुवाईको निम्ति आफैलाई तयार गर्ने समय हो यो, मण्डलीको निम्ति ।

१ शमूएल ३०:१ अनुसार तेस्रो दिन दाऊद र तिनका मानिसहरू सिकलगमा पुगे । अमालेकीहरूले शहर आगोले भष्म पारेर तिनीहरूका स्त्री-छोराछोरीहरू सबैलाई लुटेर लगिसकेको तिनीहरूले भेट्टाए । तर परमप्रभुले दाऊद र तिनका मानिसहरूलाई साथ दिनुभयो । तिनीहरूले शत्रुहरूलाई नाश गरी सबैथोक फिर्ता लिए ।

१ शमूएल ३०:१८-१९ मा लेखिएको छ, ***'अमालेकीहरूले लगेका सबैजनालाई तिनका दुई स्वास्नीहरूसमेत दाऊदले छुटाए । साना ठूला छोराछोरीहरू, लुटेका माल, उनीहरूले आफ्नै निम्ति लगेका थोक केही पनि छुटेन । दाऊदले सबै कुरा पुन: प्राप्त गरे ।'*** हाम्रो निम्ति पनि यो समय पुनर्प्राप्तिको समय हो । शत्रुले लुटेर लगेका हाम्रा सबै छोराछोरीहरूलाई शत्रुको पञ्जाबाट फेरि खोसेर ल्याउने समय हो यो हाम्रो लागि ।

यशैया ४९:२४-२५ मा परमप्रभु भन्नुहुन्छ, " के बलियोको हातबाट शिकार खोसेर लान सकिन्छ अथवा निष्ठूर शासकका कैदीहरू छुटाइन सक्छन् र ? तर परमप्रभु यसो भन्नुहुन्छ, बलियाका कैदीहरू पनि लगिनेछन् र निष्ठूर शासकका शिकार पनि छुटाइनेछ किनकि तँसित झगडा गर्नेसित म आफै झगडा गर्नेछु, र तेरा छोराछोरीहरूलाई म बचाउनेछु । तेस्रो दिनको आशिष् पुनर्प्राप्तिको आशिष् हो ।" योएल २:२५ अनुसार बितेका वर्षहरूमा सलहले खाएका आशिष्हरू फेरि परमेश्वरले हामीलाई भर्ना गरिदिँदै हुनुहुन्छ ।

एज्रा ६:१५ मा दारा राजाको छैटौं वर्षको अदार महिनाको तेस्रो दिन भवन निर्माणको काम सिद्धिएको कुरा लेखिएको छ । १६ पदमा चाहिँ ठूलो रमाहटसाथ परमेश्वरको भवनको समर्पण सेवा मनाइएको कुरा पढ्न पाउँछौं ।

तेस्रो दिनको अर्को आशिष्चाहिँ अधुरो काम पूरा गर्ने आशिष् हो । कति असल काम जो परमेश्वरले शुरू गर्नुभएको छ, सो पूरा गर्ने समय हो यो, हाम्रो लागि । येशू प्रभुले पनि लूका १३:३२ मा भन्नुभयो, ***"... हेर, आज र भोलि म भूतहरू धपाउँछु र निको पार्ने काम गर्छु र तेस्रो दिनचाहिँ म सिद्ध हुनेछु ।"*** हाम्रो निम्ति पनि यो तेस्रो दिन बाँकी रहेका अधूरा कामहरू पूरा गर्ने समय हो । अब ढिलो गर्ने समय छैन, हामीले काममा कुनै सुस्तता देखाउनु भएन । यर्मिया ४८:१० ले भन्दछ, ***"परमप्रभुको काम सुस्तसित गर्ने श्रापित हो ।"*** उपदेशक ९:१० मा लेखिएको छ, ***"तेरो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर् ।"***

सारा यहूदी जातिलाई संहार गर्ने अगागी हामानको षडयन्त्रलाई विफल गराउनालाई रानी एस्तरले आफ्नो ज्यानको पनि वास्ता नराखी तीन दिन तीन रातको उपवास-प्रार्थनापछि राजाको अघि जाने निश्चय गरिन् । एस्तर ५:१ मा लेखिएको छ, **"तेस्रो दिन एस्तरले आफ्नो राजकीय पोशाक लगाइन् र राजमहलतिर फर्केर राजमहलको भित्री दरबारमा उभिरहिन् ।"** एस्तर ४:१६ अनुसार ***"... कानूनको विरुद्धै भएपनि म राजाकहाँ जानेछु, मेरो विनाश भएपनि होस्"*** भनेर आफ्नो ज्यानको पनि माया नगरी त्यसरी आफ्ना मानिसहरूका निम्ति

अन्तरबिन्ती गर्ने एस्तरले यहूदी जातिलाई विनाशबाट बचाइन् । त्यसरी नै मण्डलीलाई नष्ट गर्न खोज्ने तत्वहरूको विरूद्धमा आफ्नो ईश्वर-दत्त अधिकारको राजकीय वस्त्र पहिरेर मण्डलीको निम्ति उपवाससहित प्रार्थनामा मूल्य चुकाउने तेस्रो दिन हो, यो हाम्रो लागि । जसरी रानी एस्तर र सारा यहूदी जातिले राजाको निगाह प्राप्त गरेर त्यस्तो डर लाग्दो जोखिमबाट उम्कने मौका पाए, यो तेस्रो वर्ष मण्डलीको लागि पनि परमेश्वर पिताको निगाह, कृपा-दृष्टि पाएर ठूला-ठूला खतराहरूबाट उम्कने समय हुनेछ । यो समय हाम्रो निम्ति पनि परमेश्वर पिताको कृपा-दृष्टिको समय हो ।

यूहन्ना २:१ मा लेखिएको छ, तेस्रो दिन गालीलको कानामा एउटा विवाह थियो । येशू प्रभु पनि उहाँका चेलाहरूसँग त्यहाँ हुनुहुन्थ्यो । दाखरस सिद्धिएपछि त्यहाँ साह्रै अप्ठ्यारो परिस्थिति खडा भयो । जबसम्म उनीहरूले येशू प्रभुलाई पाहुनाजस्तै सत्कार गरिरहे तबसम्म उहाँले केही गर्न सक्नुभएन । उहाँकी आमाले चाकरहरूलाई भनिन्, ***"उहाँले भने बमोजिम तिमीहरूले गर ।"*** येशू प्रभुले, प्रभुले झैं आज्ञा गर्न लाग्नुभयो, फलस्वरूप साधारण पानी असाधारण दाखरस बन्न गयो । येशू प्रभुको यो पहिलो आश्चर्यकर्म एउटा विवाहको भोजमा भयो, धार्मिक सेवा-सम्मेलनमा होइन । उहाँका अचम्मका कामहरूको निम्ति हामीले कुनै धार्मिक-स्थल नै खोज्नुपर्ने रहेनछ । उहाँले जहीं पनि आफ्नो काम गर्न सक्नुहुन्छ । उहाँलाई हामीले पाहुनाको रूपमा सत्कार गर्ने मात्र होइन तर प्रभुको रूपमा उहाँका आज्ञाहरू पालन गर्नुपर्ने रहेछ । तब मात्र हामीले उहाँका आश्चर्यकर्महरू देख्ने रहेछौं । यो तेस्रो दिन हाम्रा निम्ति पनि ठूला-ठूला अचम्मका कामहरूको शुरूको दिन हुनेछ ।

तेस्रो दिनको सबैभन्दा ठूलो आशिष् त प्रभु येशू ख्रीष्टको पुनरूत्थान नै हो । १ कोरिन्थी १५:३-४ मा लेखिएको छ, ***"... पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो र गाडिनुभयो । पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।"*** ख्रीष्ट येशू हाम्रा पापको निम्ति क्रूसमा मर्नु मात्र भएको भए एउटा शहीद मात्र बन्न सक्नु हुनेथ्यो । उहाँ मरेर फेरि मरेकोबाट ब्युउँतनुभयो र हाम्रा **'मुक्तिदाता'** बन्नु भएको छ । रोमी ४:२५ अनुसार ***"उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।"*** यो समय हाम्रो निम्ति पनि पुनरूत्थानको समय हो । हाम्रा जीवनका कति मरिसकेका आशा, बिग्रिसकेका अवस्था, हराइसकेका जोश, ओइलाइसकेका आकांक्षा, गिरिसकेको स्वास्थ्य, सम्भालिनसक्ने पारिवारिक हालत, यी सबैमा ख्रीष्टको पुनरूत्थानको शक्तिले नयाँ परिवर्तन ल्याउने छ । यो हाम्रो लागि तेस्रो दिनको ठूलो आशिष् बन्नेछ ।

होशे ६:१-२ ले भन्दछ, ***"आओ हामी प्रभुतिर फर्कौं ।... दुई दिनपछि उहाँले हामीलाई पुनर्जीवित पार्नुहुनेछ, तेस्रो दिन उहाँले हामीलाई पुन: खडा गर्नुहुनेछ, र हामी उहाँकै सामने जीवित रहनेछौं ।"***

## शुभकामना र बधाई

आदरणीय **पाष्टर गुरूबा रोबर्ट कार्थकज्यू** यही पौष २६ गते/जनवरी १० ता. शनिबार ८३ वर्ष पूरा गरी ८४ औं वर्षमा प्रवेश गर्नुहुनेभएकोले मण्डली परिवारतर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै उहाँको जीवनको लामो सेवकाईको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं र आगामी दिन र वर्षहरूमा उहाँको सेवकाई र जीवनका सबै यात्राहरूमा प्रभुबाटको प्रशस्त आशिष मागिदिऔं ।

## परामर्श तालिम

परामर्श विभागले गत ७ र ८ डिसेम्बर, २००८ का दिन पास्टरल केयर बारे २ दिने गोष्ठीको आयोजना ललितपुर मण्डलीमा गरेको थियो । गोष्ठीमा चारै मण्डलीका २१५ जना एल्डर, डीकन, डीकनेस्, समितिका अगुवा र पूर्ण कालिन सेवक सेविकाहरूले तालिम लिनुभएको थियो साथै १०-१२ डिसेम्बर, २००८ का दिन परामर्शीय यात्रा नामक तालिमको आयोजना पनि गरेको थियो । उक्त तालिममा चार मण्डलीबाट ६९ जना सदस्यहरूले तालिम लिनुभयो । तालिम दिनको लागि बेलायतबाट एलेन कक्स र साथीहरू आउनुभएको थियो र उहाँहरूद्वारा नै सहभागीहरूलाई प्रमाण पत्र पनि प्रदान गर्नुभएको थियो ।

आउँदा दिनहरूमा तालिम लिनुभएकाहरूले मण्डलीको विभिन्न आवश्यक क्षेत्रहरूमा सहयोग पुर्‍याउने भएको हुनाले उहाँको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार<br>शनिबार<br>शनिबार | बिहान ८:०० र ११:०० बजे<br>बिहान ९:०० र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा दुईपल्ट<br>महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, जोरपाटी र गोंगबूँ<br>सिर्जनानगर भक्तपुर |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पौष २६ गते, जनवरी १० ता. | एल्डर सामुएल कार्थक | डीकनेस् सीता गुरूङ्ग | डीकन सागर थापा | एल्डर एस. सोदेम्बा | एल्डर दफ्तन सादा | डीकन पूर्ण सुनुवार | डीकन जमान तामाङ्ग | एल्डर अशोक मुखिया | डीकन दानिएल सापकोटा | श्री किशोर राई | श्री सुरेन्द्र सापकोटा |
| माघ ४ गते, जनवरी १७ ता. | डीकन सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक श्री छुयोगेन रोंगोंग | पाष्टर रोबर्ट कार्थक | एल्डर बर्णबास श्रेष्ठ | डीकनेस् श्रीलक्ष्मी सैंजु | श्री मान बहादुर मगर | डीकन सागर थापा | डीकन घनश्याम दाहाल | संयुक्त सेवा जोरपाटी चर्च | डीकन दिल थापा | श्री तीर्थ रम्तेल |
| माघ ११ गते, जनवरी २४ ता. | डीकन सिमोन पाठक | श्री दानियल घले | एल्डर महेश थाँजु | एल्डर एल.पी.न्यौपाने | डीकन रूबेन श्रेष्ठ | श्री सरूषमान तामाङ्ग | श्री राज गुरूङ्ग | श्री राजु राई | सुश्री रूथ लामा | डीकन जनक लाल श्रेष्ठ | डीकन बी.. एन. पण्डित |
| माघ १८ गते, जनवरी ३१ ता. | एल्डर एल.पी.न्यौपाने | श्री स्टिफन राई | एल्डर प्रेम श्रेष्ठ | एल्डर बि.बि.खवास | श्री सिमोन भण्डारी | एल्डर अशोक मुखिया | सुश्री भिममाया तामाङ्ग | डीकन सामुएल क्षेत्री | डीकन गोपी राई | श्री उदय लामा | श्रीमती मीरा गुरूङ्ग |
| माघ २५ गते, फरवरी ७ ता. | पाष्टर रोबर्ट कार्थक | एल्डर राजेन्द्र रोंगोंग | एल्डर प्रेम श्रेष्ठ | एल्डर बर्णबास श्रेष्ठ | श्री प्रेम ब. ठकुरी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्रीमती रेनु घ्लान | संयुक्त सेवा ज्ञानेश्वर चर्च | एल्डर एस. सोदेम्बा | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |

## जानकारी

१. मंसीर १४ गते/नोभेम्बर २९ ता. शनिबार घोर्थली, सिन्धुपाल्चोक मण्डली भवनको उद्घाटन साथै मण्डली भवन अर्पण गरियो । उक्त सेवकाईको लागि एल्डर बर्णबास श्रेष्ठ, डीकन सिमोन पाठक, डीकन दानिएल सापकोटा साथ अरू सदस्यहरू पनि जानुभएको थियो ।

२. मंसीर २१ गते/डिसेम्बर ६ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ६५ जना विश्वासीहरूले समर्पण गर्नुभयो । सोही दिन दिउँसो सेवापछि ३३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. मंसीर २२-२३ गते/डिसेम्बर ७-८ ता. आइतबार-सोमबार, नेइम ललितपुर मण्डलीमा राखिएको परामर्श तालिममा सुरक्षा, वास्ता, सुन्ने, सिर्जनात्मक, विवाह, परिवार, सम्बन्ध, सांस्कृतिक विषयमा सिकाउनुभएको थियो । उक्त तालिममा मण्डलीका २१५ जनाले विभिन्न क्षेत्रमा सेवकाई पुऱ्याइराख्नुभएका सेवक/सेविकाहरूको सहभागिता थियो ।

४. मंसीर २५–२७ गते/डिसेम्बर १०–१२ ता. बुधबार–शुक्रबार नेइम ललितपुर मण्डलीमा परामर्शको तालिममा ७१ जनाको सहभागिता थियो । उक्त तालिममा संयुक्त राज्य बेलायतबाट आउनुभका पाष्टर एलेन कक्सले तालिम दिनुभएको थियो ।

५. मंसीर २७ -३० गते/डिसेम्बर १२ -१५ ता.शुक्रबार-सोमबारसम्म नेइम गोंगबूँ मण्डलीका पुरूष, महिला, युवाहरू गरी ३९ जना सुसमाचार प्रचारको लागि लिखु, रानीपौवा, रातेमाटे र रसुवामा जानुभएको थियो ।

## हार्दिक बधाई



**श्री सानुबाबु नगरकोटी**
**र**
**सुश्री पवित्र पहरी**

पवित्र वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट आशिषमय दिनहरूको प्रार्थनाको साथै हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तैः रेडियो, एफ.एम., टि.भी., नाटक, भजन, गीतद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको आशिष मागिदिऔं ।

२. आदरणीय पाष्टर गुरूबा पौष १८-२० गते २०६५/जनवरी २-४ ता. २००९ सम्म भारतको कालेम्पोङ बम चर्च (मण्डली) मा हुने १२५ वर्षगाँठको अवसरमा वचनको सेवकाईको लागि प्रार्थना गरिदिऔं । उहाँ पौष २४ गते/जनवरी ८ ता. बिहीबार काठमाडौं फर्कनुहुनेछ ।

३. २००९ सालभरि मण्डलीलाई अगुवाई गर्न नेइमका विभिन्न विभागहरू तथा स्थानीय व्यवस्थापन समितिमा हुनुभएकाहरूको लागि साथै पुरूष, महिला, युवा, बाल संगति, घरेलु संगति, मिशनको क्षेत्रहरू अझ आशिषित भएर जान सकून् भनी प्रार्थना गरिदिऔं ।

४. देशमा अझै मेल-मिलाप, एकता र शान्ति आएको होस् साथै सबै प्रकारको लडाईं-झगडा, अशान्ति हटेर गएको होस् भनी प्रार्थना गरौं ।

५. नेपालका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै ख्रीष्टको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

प्रकाशकः नेइम ग्लोबल डाटा, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं. ४४७४८८९/४४९२४७४ email:nim@wlink.com.np, www.nepalisaimandali.org

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२० 4**<br>मण्डलीले यस वर्ष पनि परमेश्वरको योजनालाई बुझेर त्यसअनुसार आज्ञाकारी भई प्रभुको उपस्थितिसँगै हिँड्न सकून् । यहोशू १:९ | **२७ 11**<br>मण्डलीका सम्पूर्ण क्षेत्रमा सहयोग पुऱ्याइ-राख्नुभएकाहरूको व्यक्तिगत, परिवारमा र सेवकाईमा अझ आशिष मागिदिऔं । भजनसंग्रह १०१:६-७ | **५ 18**<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा सबै अगुवाहरूले सबै अवस्थाहरूमा परमेश्वर को अगुवाई खोज्न सकून् । यशैया ४१:९-१० | **१२ 25**<br>सेवकाईमा सहायता पुऱ्याइराख्नुभएकाहरूको परिवारहरूले पनि सेवकाईमा साथ दिन सकून् साथै परिवारको सबै आवश्यकताको लागि पनि प्रार्थना गरिदिऔं । मत्ती ६:३३ | **१९ February 1**<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल धोका दिने झूठा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले नै जोगाऊन् । २ यूहन्ना ७, १० |
| **सोमबार MONDAY** | **२१ 5**<br>यस वर्ष धेरै पढे-लेखेका, ठूला-ठूला ओहदामा रहेकाहरू, बुद्धिजीविहरूले प्रभुको सुसमाचार सुनी ख्रीष्ट प्रभुलाई ग्रहण गर्न सकून् । रोमी १४:११ | **२८ 12**<br>परमेश्वरको प्रेमलाई चाखेर पनि फेरि संसारतिर फर्केर गएकाहरू पवित्र आत्माको सहायतामा साँचो पश्चात्तापी भई ख्रीष्टको प्रेममा फर्कन सकून् । यशैया ३०:१८-२१ | **६ 19**<br>अधुरा घरानामा रहेका विश्वासीहरूले परमेश्वरलाई सबै अवस्थामा प्रेम गर्न सकून् र प्रभुमा स्थिर रहिरहन सकून् । याकूब १:१२ | **१३ 26**<br>हामी सबै विश्वासीहरूको जीवनमा आउने सब प्रकारका परीक्षाहरूमाथि विजय प्राप्त गर्न अनुग्रह मागौं । याकूब १:१३-१५ | **२० 2**<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट साथै अरू किसिमका बन्धनमा फसेका सबैले छुटकारा पाई परिवर्तनको जीवन जिउन सकून् । १ पत्रुस ४:१-६ |
| **मंगलबार TUESDAY** | **२२ 6**<br>मण्डलीका पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं । यशैया ४२:६ | **२९ 13**<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून् । लेवी २६:१२–१३ | **७ 20**<br>अभाव, घटी, समस्या, चिन्ता, फिक्री साथै विभिन्न प्रकारका रोगहरूले थिचिएकाहरूको छुटकाराको लागि विशेष प्रार्थना गरिदिऔं । यर्मिया ३०:८ | **१४ 27**<br>मण्डली परिवारको जीवनमा विभिन्न समस्याहरूबाट छुटकारा, समाधान साथै स्थिर रहने अनुग्रहको लागि प्रार्थना गरिदिऔं । अय्यूब ४२:२, ५ | **२१ 3**<br>वृद्ध उमेरमा पुग्नुभएकाहरूको सुस्वास्थ्य साथै यो उमेरमा प्रभुको नजीक भएर प्रशंसा र प्रार्थना गरिरहनेहरू हुन सकून् । भजनसंग्रह ९२:१२-१४ |
| **बुधबार WEDNESDAY** | **२३ 7**<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य मण्डलीले भाग लिन सकून् । हिब्रू १०:२३-२६ | **१ माघ 14**<br>आजको उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवनमा, पारिवारिक क्षेत्रमा, मण्डली, समाज र देशमा अझै आशिष बगेको होस् । १ कोरिन्थी २:९ | **८ 21**<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं । मलाकी ३:६-१२ | **१५ 28**<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाइमा परमेश्वरबाटको प्रशस्त आशिष र उन्नति मागिदिऔं । व्यवस्था २८:८-१३ | **२२ 4**<br>सबै विश्वासीहरू निरन्तर सेवा संगतिहरूमा रहेको कारणले गर्दा सबै अवस्थाहरूमा परमेश्वरको इच्छा पूरा गर्दै जानेहरू हुन सकौं । भजनसंग्रह ११९:९-१६ |
| **बिहीबार THURSDAY** | **२४ 8**<br>सेवा संगतिबाट पाइरहेका प्रशस्त आशिषहरूद्वारा मण्डली परिवार आज्ञाकारी भई परिपक्वतातिर बढ्दै जान सकौं । हिब्रू ६:७-८ | **२ 15**<br>हामी सबै विश्वासीहरू जीवनका सबै क्षेत्रहरूमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं । फिलिप्पी २:१२-१७ | **९ 22**<br>सबै ख्रीष्टिय संघ संस्थाहरूको सेवकाई र काम गर्ने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं । प्रेरित २०:२४ | **१६ 29**<br>मण्डलीबाट मिशनरी भएर जानुभएकाहरूको सेवकाईद्वारा शुरू भएको संगतिहरू अझ बढ्दै गएको होस् । यशैया ५४:२-३ | **२३ 5**<br>मण्डलीबाट अझै धेरैजनाले विभिन्न ठाउँहरूमा मिशनरी भएर जाने बोलावट पाउन सकून् । मत्ती २८:१६:२० |
| **शुक्रबार FRIDAY** | **२५ 9**<br>वचनको सेवकाई, स्तुति प्रशंसामा अगुवाई, सेवा सञ्चालक, अनुगमन कक्षा लिनुहुने र सुसमाचार सुनाउनेहरूको लागि प्रार्थना गरिदिऔं । २ कोरिन्थी २:१४-१७ | **३ 16**<br>हरेक अभिभावकहरू आफै पनि प्रभुमा रहेको साथै आफ्ना छोराछोरीहरूलाई पनि प्रभुको सर-सल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् । व्यवस्था ६:४-१२ | **१० 23**<br>बाल संगतिका सबै बाल बालिकाहरू सानैदेखि प्रभुमा बढ्दै जान सकून् साथै सबै शिक्षक/शिक्षिकाहरूको सेवकाईमा आशिष मागिदिऔं । यशैया ५४:१३ | **१७ 30**<br>स्कूल, क्याम्पस साथै उच्च शिक्षा हासिल गरिरहनुभएकाहरूको पढाइमा परमेश्वर बाटको आशिष् मागिदिऔं । याकूब १:५ | **२४ 6**<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुनु सकून् । १ यूहन्ना २:१५-१७ |
| **शनिबार SATURDAY** | **२६ 10**<br>आराधना सेवामा आउनेहरू तयारीसाथ परमेश्वरको प्रशंसा गर्न, वचन सुन्न र एकअर्कासँग संगति गर्नको लागि आउन सकून् । यशैया ४३:७-१२ | **४ 17**<br>प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले ख्रीष्ट प्रभुको सुसमाचार सुनेर ख्रीष्ट येशूलाई प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् । यूहन्ना १:१२ | **११ 24**<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नलाई मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् । भजनसंग्रह ४:१-७ | **१८ 31**<br>सुनेको वचनद्वारा मण्डली अझै आज्ञाकारी र प्रभुमा समर्पित हुँदै जान सकून् । कलस्सी २:६-७ | **२५ 7**<br>आज प्रचारिएको वचनद्वारा हरेकको जीवनमा आत्माको एउटा नयाँ काम भएको होस् । हिब्रू ४:१२ |